**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २६ जनवरी २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**मुख्य समाचार**

- राष्ट्रले आज ७७ औ गणतंत्र दिवस पालन गरयो। राश्ट्रिय राजधानीमा कर्त्तव्य पथमा गणतंत्र दिस परेडमा भारतको सैन्य शक्ति र समृद्ध सांस्कृतिक विरासतको भव्य प्रदर्शन गरियो।
- पश्चिम बंगालका राज्यपाल सी.बी आनन्द बोसले कोलकाताको रेड रोडमा आयोजित परेडमा तिरंगा फहराउनु भयो।
- गोरखाल्याण्ड प्रशासनिक क्षेत्रमा भाजपा कार्यकर्ताहरूको ठूलो सभा आज खरसांगमा आयोजित गरियो।
- कालेबुङ्का शिक्षा विद जी.एस योन्जनलाई पध्म श्री सम्मानले सम्मानित गरिनेछ।
- रेलिङ युनाईटेड एसोसिएशन को अयोजनामा सम्पन्न रेलिङ च्याम्पियन ट्रफीका छैटौ संस्करण मिराकल एफ.सी ले जितेको छ।

**गणतंत्र दिवस 2026**

राष्ट्रले आज 77 औ गणतंत्र दिवस मनाएको छ। राष्ट्रपति द्रौपदी मुर्मुले नयाँ दिल्लीको कर्तव्य पथबाट गणतंत्र दिवस समारोहको नेतृत्व गर्नुभयो। समारोहको शुभारंभ प्रधानमंत्री नरेंद्र मोदी राष्ट्रीय समर स्मारक जान साथै शुरू भयो। श्री मोदीले स्मारकमा शहीदहरुलाई श्रद्धांजलि दिनुभयो। राष्ट्रपति द्रौपदी मुर्मुले परेडको मुख्य अतिथिहरु, यूरोपीय परिषदका अध्यक्ष एंटोनियो कोस्टा अनि यूरोपीय आयोगका अध्यक्ष उर्सुला फॉन डेर लायनसित एक औपचारिक बग्गी मा कर्तव्य पथ पुग्नुभयो। उहाँले राष्ट्रीय ध्वज फहराउनु भयो, जसपछि राष्ट्रगान भयो अनि 21 तोपको सलामी दिइयो। कर्तव्य पथमा आयोजित गणतंत्र दिवस परेडमा भारतको सांस्कृतिक विविधता अनि सैन्य शक्तिको अनौठो संगम हेर्न सकियो। यस वर्षको विषय 'स्वतंत्रता को मंत्र: वंदे मातरम' अनि 'समृद्धि को मंत्र: आत्मनिर्भर भारत' हो। परेडमा विभिन्न राज्य, केंद्र शासित प्रदेश अनि केंद्रीय मंत्रालय एवं विभागहरुका तीस झांकीहरु प्रदर्शित गरियो। यी झांकिहरुमा राष्ट्रीय गीत वंदे मातरम को 1 सय 50 वर्ष अनि सबै क्षेत्रहरुमा बढ्दो आत्मनिर्भरताको बल मा देशको तीव्र प्रगतिको अनौठो मिश्रणलाई प्रदर्शित गर्दै देश को सांस्कृतिक विविधताको पनि प्रर्दर्शन गरिएको थियो। यस अवधि राष्ट्रपति मुर्मुले भारतीय वायु सेनाको ग्रुप कैप्टन शुभांशु शुक्लालाई भारतको सर्वोच्च शांतिकालीन वीरता पुरस्कार अशोक चक्रद्वारा सम्मानित पनि गर्नुभयो।

**जलपाइगढ़ी-गणतंत्र दिवस**

आज देशका अन्य भागहरू सरह जलपाईगुड़ीमा पनि 77 औं गणतन्त्र दिवस पूर्ण सम्मान औ गरिमाको साथमा पालन गरियो। आज बिहान जलपाईगुड़ी टाउन क्लब मैदानमा आयोजित मुख्य कार्यक्रममा जिल्लाधिकारी शमा परवीनले राष्ट्रिय ध्वज फहराउनुभयो। यस अवसरमा जलपाईगुड़ीका पुलिस अधीक्षक वाई. रघुवंशी सहित जिल्ला पुलिस एवं प्रशासनका वरिष्ठ अधिकारीगण उपस्थित थिए। कार्यक्रममा विभिन्न विद्यालय अनि कलेजका विद्यार्थीहरूले व्यापक रूपमा भाग लिएका थिए। टाउन क्लब मैदानमा आयोजित परेडमा पुलिसका विभिन्न टुकड़ीहरूसाथै स्कूल तथा कलेजका विद्यार्थीहरूले भाग लिए। यस अतिरिक्त विभिन्न सरकारी विभागहरूको पक्षबाट आकर्षक झाँकीहरू पनि प्रस्तुत गरियो जसको माध्यमबाट विकास कार्यहरू तथा सामाजिक जागरूकतासित जोड़िएका सन्देशहरूलाई दर्शाइयो। सम्पूर्ण कार्यक्रममा देशभक्तिको वातावरण देश्न पाइयो अनि मानिसहरूले उत्साहको साथमा गणतन्त्र दिवसको उत्सव मनाए।

**सिमाना- गणतन्त्र**

भारत नेपाल सीमावर्ती क्षत्रे सिमाना बिओपि मा सशस्त्र सीमा बलले आज ७७ औं गणतन्त्र दिवस पालन गरेको छ। सशस्त्र सीमा बल सिमाना बिओपि का जवानहरु अनि सिमाना बजार समाजका ससाना नानीहरूको उपस्थितिमा ७७ औं गणतन्त्र दिवस मनाइएको सशस्त्र सीमा बल बिओपिको ऐआई सजय कुमारले जनकारी गराउनु भएको छ।

**ममता गणतंत्र दिवस**

गणतन्त्र दिवसको अवसरमा पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले देशवासीहरुलाई शुभकामना दिनुभयो। सोशल मीडिया पोस्ट मार्फत आफ्नो सन्देशमा, उहाँले संविधानको मूल मूल्यहरुप्रति पुन: प्रतिबद्धता जनाउन आह्वान गर्नुभयो।मुख्यमन्त्रीले न्याय, स्वतन्त्रता, समानता र बंधुत्व जस्ता संविधानका मुल आदर्शहरूलाई आत्मसात गर्दै सबैजना बहुलता, विविधता, समावेशीता र सामाजिक सौहार्दको दिशामा निरन्तर प्रयासरत हुनुपर्छ भन्नुभयो ।ममता बनर्जीले एक प्रसिद्ध उक्तिको उल्लेख गर्दै भन्नुभयो, स्वतन्त्रताको मूल्य, शाश्वत सतर्कता हो। उहाँले देशवासीहरूलाई सजग र सतर्क रहन आग्रह गर्दै भन्नुभयो आज गणतन्त्र र संविधान दुवैले सामूहिक सतर्कताको माग गरिरहेका छन्।आफ्नो सन्देशको अन्तमा, मुख्यमन्त्रीले देशका सबै स्वतन्त्रता सेनानीहरू, संविधान निर्माताहरू, सशस्त्र बलका जवानहरू र आम नागरिकहरूलाई नमन गर्दै सलाम गर्नुभयो।

**पद्मा पुरस्कार**

गणतंत्र दिवसको पूर्व संध्यामा हिज केंद्र सरकारले वर्ष 2026 को पद्म सम्मानहरुको घोषणा गरेको छ। यस वर्ष पद्म विभूषण, पद्म भूषण अनि पद्मश्री पुरस्कारहरुद्वारा देश-विदेशका कुल 1 सय 31 विशिष्ट व्यक्तिहरुलाई सम्मानित गरिनेछ। यसमा राज्यबाट 11 प्रतिष्ठित व्यक्तित्व शामेल छन्, जसलाई पद्मश्रीद्वारा सम्मनित गरिनेछ। प्रत्येक वर्ष जस्तै यस पटक पनि साहित्य, कला, खेल, संगीत, चिकित्सा, शिक्षा, हस्तशिल्प, व्यवसाय अनि समाजसेवा जस्ता विभिन्न क्षेत्रहरुमा उत्कृष्ट योगदानको लागि पद्म सम्मान प्रदान गरिन्दैछ। राज्यबाट सम्मानित 11 जना व्यक्तित्वले आ-आफ्नो क्षेत्रमा दशकौ सम्म उल्लेखनीय कार्य गरी राज्य अनि देशको नामलाई उज्जवल बनाएका छन्। बंगालबाट पद्मश्रीद्वारा सम्मानित हुने व्यक्तित्वहरुमा टॉलीवुडका प्रख्यात अभिनेता प्रोसेनजीत चटर्जी प्रमुख छन्, जसले 3 सय 50  भन्दा अधिक चलचित्रहरुमा अभिनय गरिसकेका छन्। दलित साहित्यकार अनि शिक्षाविद् अशोक कुमार हालदार, जसलाई शिक्षा अनि साहित्यको क्षेत्र मा योगदानको लागि सम्मानित गरिन्दैछ। रंगमंच जगतका वरिष्ठ कलाकार हरिमाधव मुखर्जीलाई मरणोपरांत पद्मश्रीद्वारा सम्मानित गरिनेछ। उहाँले छह दशकमा 60 भन्दा अधिक नाटकहरुको निर्देशन गर्नुभएको थियो। कांथा शिल्पको कारीगर तृप्ति मुखर्जीलाई 20 हजार भन्दा अधिक महिलाहरुलाई आत्मनिर्भर बनाउनकालागि पद्मश्री दिइनेछ। उल्लेखनीय छ गत वर्ष पनि पश्चिम बंगालबाट 11 व्यक्तिलाई पद्म सम्मानद्वारा सम्मानित गरिएको थियो जसमा अरिजीत सिंह, ममता शंकर अनि अरुंधती भट्टाचार्य जस्ता चर्चित नामहरु शामेल थिए। यस पटक कुल पांच मानिसलाई पद्म विभूषण अनि 13 जना लाई पद्म भूषणको लागि नामित गरिएको छ। मनोरंजन जगतमा उल्लेखनीय योगदानको लागि दिवंगत अभिनेता धर्मेंद्रलाई पनि मरणोपरांत पद्म विभूषणद्वारा सम्मानित गरिनेछ।

**डा. जी० एस योन्जन**

कालेबुङ कलेजका पूर्व प्रधानाचार्य ड़ा. गम्भीर सिंह योन्जन पध्म श्री सम्मानले सम्मानित गरिनेछ ।उहाँ ड़ा.जी .एस योन्जनको नामले प्रसिद्ध छन् उहाँ जीव विज्ञानमा विध्या वरिधि उपाधि हासिल गर्नुभएको थियो। शिक्षाको क्षेत्रमा उहाँको अतुल्य योगदानका लागि यो सम्मान प्रदान गरिनेछ। उहाँ हिमाली विज्ञान संघका संस्थापक हुन तथा कैंयन पुस्तकहरूको लेखन गर्नुभएको छ। उहाँ जीव विज्ञान तथा पर्यावरण संरक्षणको क्षेत्रमा जिल्ला , राज्य अनि राष्ट्र स्तरमा धेरै काम गर्नु भएको छ। उहाँलाई शिक्षा र साहित्यको क्षेत्रमा विशेष उपाधीका लागि भारत सरकारले पध्मश्री सम्मान दिने घोषणाको पहाड़का सबै नेताहरूले स्वागत जनाएका छन्। सांसद राजु विष्ट, राज्य सभा सांसद हर्षवर्धन  श्रृंगला , जीटिए चिफ अनित थापा जीजेएमएम अध्यक्ष विमल गुरूङ , जीएनएलएफ अध्यक्ष मन घिसिंग,आईजेजीएफ अध्य क्ष अजय एडवर्ड आदिले योन्जनलाई बधाई र शुभकामना दिनुभएको छ।

**भाजपा-खरसाङ्ग-१**

भारतीय जनता पार्टीले आज खरसाङमा कार्यकर्ता महासङ्गमको आयोजना गरेर शक्ति प्रदर्शन गरेको छ। खरसाङको मन्टिभियट खेल मैदानमा कार्यकर्ता महासङ्गमको नामले आयोजित जनसभामा त्रिपुराका पूर्व मुख्यमन्त्री एंव सांसद विप्लवकुमार देव, दार्जिलिङका सांसद राजु विष्ट, भाजपा राष्ट्रिय प्रवक्ता प्रदीप भण्डारी लगायत पहाडभरिका 47 वटा मण्डलहरुका भाजपा कार्यकर्ताहरु उपस्थित रहेका थिए। उक्त जनसभाको अध्यक्षता भाजपा दार्जिलिङ जिल्ला अध्यक्ष सन्जीव लामाको अध्यक्षता र नकुल छेत्रीको सञ्चालनमा सम्पन्न भएको छ।

यस कार्यक्रममा भाजपा दार्जिलिङ जिल्ला महासचिव सोनाम लामाले स्वागत सम्भाषण राखेका थिए। यस जनसभाको शुरुवात जिल्ला अध्यक्ष सञ्जीव लामा र अन्यको बाहुलीबाट राष्ट्रिय झण्डा उत्तोलन गरेर थालिएको थियो भने त्रिपुराका पूर्व मुख्यमन्त्री एंव सांसद विप्लवकुमार देव, दार्जिलिङका सांसद राजु विष्ट, भाजपा राष्ट्रिय प्रवक्ता प्रदीप भण्डारी र अन्यको बाहुलीबाट धुप दीप प्रज्ज्वलन गरी थालिएको छ। कार्यक्रममा दार्जिलिङका सांसद राजु विष्टको तर्फबाट रिम्बिक गैरी गाउँ क्षेत्रका 12 जना पैह्रो पिढीतहरुलाई एक लाख गरेर सहायता राशि प्रदान गरिएको छ। गणतन्त्र दिवसको दिन नै भारतीय जनता पार्टीले खरसाङमा कार्यकर्ता महासंगम आयोजना गरेर पहाडमा गणतान्त्रिक व्यवस्था सिर्जना गर्ने घोषणा गरेको छ। यसको साथै बंगाल विधानसभा अघि पहाडमा भारतीय जनता पार्टीले शक्ति प्रदर्शन पनि गरेको छ। खरसाङमा आज आयोजित भारतीय जनता पार्टीको कार्यकर्ता महासङ्गमको अवसरमा मुख्य वक्ताको रुपमा आफ्नो सम्बोधन राख्दै त्रिपुराका पूर्व मुख्यमन्त्री एंव सांसद साथै भाजपा बंगालका चुनाव प्रभारी विप्लवकुमार देवले राज्य सरकार जनसाधारणको विकास गर्न चाहदैन र यसपाली राज्यबाट तृणमूल कंग्रेसको सरकारलाई उँखालेर फ्याँक्ने आह्वान् गरेका छन्।

## कोलकाता गणतंत्र दिवस

कोलकाताको रेड रोडमा आयोजित भव्य गणतंत्र दिवसमा राज्यका राज्यपाल ड़ा. सी.वी आनन्द बोसले तिरंगा फहराउनु भयो। यस अवसरमा मुख्यमंत्री ममता व्यानर्जी सहित अन्य मंत्रीहरू र अध्किारीहरू उपसिथत थिए। सेनाको जवानहरू, पुलिस र एनसीसी लेसुन्दर परेडमा भाग यिो। यस अवसरमा सांस्कृतिक कार्यक्रमहरू प्रस्तुत गरियो ।

## भाजपा-चुनाव-घोषणा-समिति

पश्चिम बंगालमा आगामी विधानसभा चुनावको तयारीलाई तीव्र पार्दै, भारतीय जनता पार्टीले आफ्नो 11 सदस्यीय चुनाव घोषणापत्र समितिको घोषणा गरेको छ।पार्टीले हालै तृणमूल कांग्रेस छोडेर भाजपामा सामेल भएका उत्तर कोलकाताका वरिष्ठ नेता तापस रोयलाई यस महत्त्वपूर्ण समितिको अध्यक्ष नियुक्त गरेको छ। यस घोषणाका साथै राज्यको राजनीतिमा बयानबाजी तेज भएको छ।

## हर्ष वर्धन श्रृंगला

राज्य सभा सांसद तथा दार्जीलिङ्ग वेलफेयर सोसाइटीका अध्यक्ष हर्ष वर्धन श्रृंगला दार्जीलिङ्गको लेबोङमा भएको अखिल भारतीय तामाङ बौद्ध संघ (AITBA) को ३८औं वार्षिक सम्मेलनमा मुख्य अतिथिको रूपमा आज उपस्थित हुनुहुन्थ्यो। गणतन्त्र दिवसको अवसरमा राष्ट्रिय झण्डा उत्तोलन साथै कार्यक्रम सुरु भयो। गणतन्त्र दिवसको शुभकामना दिनुहुँदै सांसद हर्ष वर्धन श्रृंगलाले देश र गोर्खा समुदायलाई बधाई दिनुभयो। उहाँले एकता, समावेशी विकास र सांस्कृतिक सद्भावप्रतिको आफ्नो प्रतिबद्धता दोहोराउनुभयो। कार्यक्रमको मुख्य आकर्षण भारतको संविधानको नेपाली अनुवादको विमोचन थियो। श्रृंगलाले अनुवादकहरूलाई सम्मान गर्दै यो प्रयासलाई गोरखा समुदायको भाषिक समावेशिता र सांस्कृतिक गर्वको महत्वपूर्ण कदम बताउनुभयो। उहाँले भारत सरकारको बौद्ध सम्पदाको संरक्षण र प्रचारका प्रयासहरूबारे साथै तामाङ समुदायका लागि यसको महत्व उल्लेख गर्नुभयो। उहाँले आफ्नो कूटनीतिक कार्यकालमा बौद्ध धर्म प्रवर्द्धनमा गरिएको योगदान साझा गर्नुभयो, जसमा सिङ्तामको दिनचेन छोलिङ गुम्बामा पूजनीय मूर्तिहरू स्थापना गर्न सहयोग पनि समावेश थियो। राष्ट्रिय नायकहरूको सम्मानको महत्व बारे उल्लेख गर्नुहुँदै श्री श्रृंगलाले शहीद क्याप्टेन बृजेश थापा उत्कृष्ट उपलब्धि पुरस्कारको उल्लेख गर्नु भयो। यो पुरस्कार वीरता र बलिदानको स्मरणमा स्थापित छ। श्री जी. एस. योनजोनलाई पद्मश्री सम्मान प्रदान भएकोमा श्रृंगलाले बधाई पनि दिनुभयो। उहाँले दार्जीलिङ्ग र कालेबुंग पहाडहरूका लागि आधुनिक खेलकुद केन्द्रको आफ्नो मांग दोहोराउनुभयो। यस्ता केन्द्रले तराई डुवर्सलाई पनि लाभ पुऱ्याउने उल्लेख गर्नु भयो। यसको साथै श्री श्रृंगलाले चिया बगान मजदुरहरू र दार्जीलिङ्ग चियाको भविष्यबारे चिन्ता व्यक्त गर्नुभयो। यस्तै प्रकारले उहाँले स्वर्गीय प्रशान्त तामाङलाई श्रद्धाञ्जलि अर्पण गर्नुभयो र डा. सुदर्शन तामाङलाई युवाका लागि प्रेरणाको रूपमा उल्लेख गर्दै शिक्षा, संस्कृति र अवसरमार्फत युवाहरूलाई सशक्त बनाउनु पर्ने आवश्यकतामा जोड दिनुभयो।

## अजय एड्वर्ड

इन्डियन गोर्खा जनशक्ति फ्रन्टका प्रमुख संयोजक अजय एडवर्ड्सले आज एक भिडियो सार्वजनिक गरेर गोर्खाल्याण्ड राज्यको गठनले मात्र भारतीय गोर्खाहरूको समस्याको समाधान हुने बताउनुभएको छ। उहाँले अलग राज्य गोर्खाल्याण्डको गठनले मात्र हामी भारतीय गोर्खाहरूको समस्याको समाधान हुने कुरो इन्टरलोक्युटर पंकज कुमार सिंहसित आज भेट्वार्ता गरी, इन्टरलोक्युटर समक्ष राखेको पनि बताउनुभएको छ।

**मारवाडी सम्मेलन**

खरसाङको पश्चिम बंग प्रादेशिक मारवाडी सम्मेलनद्वारा आइतवार केही सेवामूलक कार्यहरू गरियो। विशेषगरी सम्मेलनको खरसाङ शाखाले दुइवटा क्षेत्रहरूको भ्रमण गरेर जाडोमा लगाउने न्यानो लुगाफाटा तथा केही खानेकुराहरू वितरण गरे। सम्मेलनका सभापति राजेन्द्र कुमार अग्रवाल, सचिव रमेश अग्रवाल, कार्यकारिणी सदस्यहरू पवन कुमार अग्रवाल अनि आशिष अग्रवाल लगायत नमस्ते खरसाङ च्यानलका पक्षबाट निर्देशक निर्मल गुरूङ, भोला राउत अनि अर्पण गुरूङको एउटा टोलीले विपन्न परिवारका सदस्यहरू तथा असाह्य वृद्ध-वृद्धाहरूलाई एकसयवटा कम्बल तथा न्यानो लुगा अनि खानेकुराहरू  वितरण गरे। यस टोली सर्वप्रथम तीनधारेस्थित अनाथालय शान्त भवनमा पुगेर त्यहाँका सिस्टरहरूसँग भेट गरेर त्यहाँका चालिसजना वृद्ध-वृद्धाहरूलाई ती सामग्रीहरू वितरण गरे औ तिनीहरूको सुस्वास्थ्यको कामना गरे भने त्यसपछि तिनीहरू रोहिणीको पाइलाधुरामा अवस्थित वृद्धा आश्रममा पुगेर रहल सामानहरू त्यहाँका वृद्ध-वृद्धाहरूलाई प्रदान गरे। रोहिणीको त्यस वृद्धाश्रममा केही मर्मतिको कार्य देखिएकोले यसको मर्मति गर्ने कार्य पनि सम्मेलनले गरिदिने भएको छ।

**रेलिङ च्याम्पियन्स ट्रफी**

रेलिङ युनाइटेड एसोसिएशनको आयोजनामा सम्पन्न रेलिङ च्याम्पियन्स ट्रफीको छैटौं संस्कारण मिराकल एफसीले जित्न सफल बनेको छ। आज मिराकल एफसी सिङलिङ अनि रंगीत भेल्ली माझ भएको रोमाञ्चक फाइनल खेलमा निर्धारित समयमा दुवै दलले २-२ गोल गरेर बराबरीमा खेल सकिएपछि ५ पाँच मिनेटको अतिरिक्त समयमा पनि कुनै गोल हुन सकेन जसपछि पेनल्टी सुटअउटमा  रंगीत भेल्लीको सपना चक्नाचूर बनाउदै मिराकल एफसीले रेलिङ च्याम्पियन्स ट्रफीको छैटौं संस्कारण जितेको छ।

****** ० ******